# ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको
# दशौं तथा एघारौं वार्षिक साधारण सभा

*काम कारवाहीको विवरण (माईन्युट)*

१. बैधानिक सभा :

कम्पनी ऐन २०६३ र डेभलपमेन्ट बैंकको नियमावली बमोजिम बैंकको दशौं तथा एघारौं बार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष गणेश कुमार श्रेष्ठज्युको अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णहरु गरि देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थान :**

मिति : २०८० साल चैत २७ गते, मंगलबार (तदनुसार ९ अप्रिल, २०२४)

समय : बिहान ११:०० बजे ।

स्थान : मेजेष्टिक लेक फ्रन्ट होटेल एण्ड सुइट, पोखरा-६, कास्की ।

३. सभाको सूचना जारी :

३.१. यस डेभलपमण्ट बैंकको संचालक समितिको मिति २०८०/११/२४ गते अपरान्ह ३.३० बजे बसेको २०६ औं बैठकको निर्णय बमोजिम बैंकको दशौं तथा एघारौं साधारण वार्षिक सभा कम्पनी ऐन ३०६३ को दफा ६७ को उपदफा (२) तथा यस डेभलपमेन्ट बैंकको नियमावली अनुसार मिति २०८० साल फाल्गुण २८ गते कारोबार राष्ट्रिय दैनिक र मिति २०८० साल फाल्गुण २९ गते आर्दश समाज राष्ट्रिय दैनिक पत्रिकामा गरी दुई (२) पटक सूचना प्रकाशित गरिएको थियो ।

३.२. कम्पनी ऐन २०६३ को दफा १०९ बमोजिम, बार्षिक प्रतिबेदन, बैंकको वित्तीय विवरणहरु संम्बन्धीत शेयरधनीहरुको ठेगानामा दशौं तथा एघारौं बार्षिक साधारण सभा बस्ने बारेको सूचना साथ संलग्न गरी पठाईएको ।

३.४ कम्पनी ऐन २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण , सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखा परिक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ बमोजिम तयार गरीएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनु भन्दा २१ (एक्काईस) दिन अगावै तयार गरी केन्द्रीय कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने ब्यवस्था गरिएको ।

४. सभामा प्रस्तुत छलफलका विषयहरु :

४.१. **क. सामान्य प्रस्ताव**

४.१.१ आ.व.२०७८/७९ र २०७९/८० को संचालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

४.१.२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ र २०८० आषाढ मसान्तको वासलात तथा आ.व २०७८/७९ र २०७९/८० को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण तथा अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

४.१.३. संचालक समितिले प्रस्ताव गरे वमोजिम आ.व.२०७८।७९ को मुनाफा तथा संचित मुनाफा रकम समेतवाट यस डेभपलपमेण्ट वैंकको हाल कायम चुक्तापूँजी रु.५१,९०,००,०००।- (अक्षरेपी एकाउन्न करोड नब्वे लाख रुपैयाँ मात्र) को ०।२० प्रतिशतले हुन आउने नगद लाभाशं रु.१०,३८,०००।- (अक्षरेपी दश लाख अठतीस हजार रुपैयाँ मात्र) लाभाशंमा लाग्ने कर प्रयोजनार्थ वितरण गर्ने प्रस्ताव उपर छलफल गरि पारित गर्ने ।



अध्यक्ष

कम्पनी सचिव

४.१.४. लेखापरिक्षण समितिको सिफारिश बमोजिम आ.व. २०८०/८१ को लागि बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४.१.५. सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको नियुक्ती अनुमोदन गर्ने ।

४.१.६. संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्बाचन गर्ने ।

४.१.७. स्वतन्त्र संचालक नियुक्त हुनुभएको जानकारी सम्वन्धमा ।

४.१.८. सञ्चालकको बैठक भत्ता संशोधन सम्वन्धमा ।

**४.२. विशेष प्रस्ताव**

४.२.१. सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आ.व.२०७८।७९ सम्मको मुनाफावाट हाल कायम चुक्ता पुंजी रु.५१,९०,००,०००।- (अक्षरुपी एकाउन्न करोड नब्वे लाख रुपैयाँ मात्र) को ३।८ प्रतिशतका दरले हुन आउने रकम रु.१,९७,२२,०००।- (अक्षरुपी एक करोड सन्तानव्वे लाख वाईस हजार रुपैयाँ मात्र) वोनस शेयर वितरण गर्ने प्रस्ताव उपर छलफल गरि पारित गर्ने र सोही वमोजिम डेभलपमेण्ट वैंकको प्रवन्धपत्रमा वैंकको अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धी गर्न आवश्यक संसोधन प्रस्ताव पारित गर्ने ।

४.२.२ यस ग्रीन डेभलपमेन्ट बैक लि र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) को लागि उपयुक्त संस्थाको पहिचान गर्ने, उपयुक्त देखिएमा सो सम्बन्धी सम्झौतापत्र (MOU) मा हस्ताक्षर गरी अन्य आवश्यक सम्पूर्ण कार्यहरु गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

४.२.३ डेभलपमेन्ट बैंकको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संसोधन गरी अभिलेख गराउँदा आवश्यक थपघट, संशोधन वा परिमार्जन गर्नु परेमा सो सम्बन्धी सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

४.२.४ यस ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको शेयर अनुपात परिवर्तन संम्बन्धमा ।

**४.३. विविध ।**

५. सभामा उपस्थिति :

५.१. सञ्चालकको उपस्थिति :

| | | |
|---|---|---|
| श्री गणेश कुमार श्रेष्ठ | अध्यक्ष | उपस्थित |
| श्री कृष्ण शंकर श्रेष्ठ | सञ्चालक | उपस्थित |
| श्री मनोविज्ञान श्रेष्ठ | सञ्चालक | उपस्थित |
| श्री सुर्य प्रसाद लम्साल | सञ्चालक | उपस्थित |
| श्री नारायणी देबी श्रेष्ठ | सञ्चालक | उपस्थित |
| श्री प्रज्वल श्रेष्ठ | सञ्चालक | उपस्थित |

५.२. बैंकको पदाधिकारीहरुको उपस्थिति :

| | |
|---|---|
| श्री हरि बहादुर बुढाथोकी | प्रमुख कार्यकारी अधिकृत |
| श्री प्रकाश गुरुङ्ग | नायब कार्यकारी अधिकृत |
| श्री संयूक्त बहादुर ध्वाख्वा | सहायक महाप्रबन्धक |
| श्री दुर्गा प्रसाद श्रेष्ठ | सहायक महाप्रबन्धक |
| श्री रमेश बञ्जारा | वरिष्ठ प्रबन्धक |
| श्री अनुप के.सी. | नायव प्रबन्धक |
| श्री लाल बहादुर क्षेत्री | सहायक प्रबन्धक |
| श्री सुर्य बहादुर जि.सी. | कनिष्ठ अधिकृत |

अध्यक्ष कम्पनी सचिव

Green Development Bank Limited
Central Office

५.३. शेयरधनीहरुको उपस्थिति :

शेयरधनीहरुको समूहबाट स्वयं उपस्थित ४९ जना र प्रोक्सी मार्फत १०१ जना गरी कूल १५० जनाको उपस्थिती मार्फत शेयरको कूल उपस्थिति प्रतिशत ५४.८६ प्रतिशत कायम भएको ।

६. गणपुरक संख्या :

| विवरण | स्वंयम उपस्थित | प्रतिनिधि मार्फत उपस्थित | कूल उपस्थित संख्या | उपस्थित जम्मा शेयर | शेयरको कूल उपस्थित प्रतिशत |
|---|---|---|---|---|---|
| बाँडफाँड भएको कूल शेयर संख्या ५१,९०,००० | ४९ | १०१ | १५० | २८,४७,२५७ | ५४.८६% |

७. **सभाको बैधानिकता** :
सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ उपदफा (२) तथा बैंकको नियमावली बमोजिम बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनी मध्ये कम्तीमा तीन (३) जना शेयरधनीहरु स्वयं उपस्थित हुनु पर्ने प्रावधान अनुसार उल्लेखीत तालिमका बमोजिमक शेयरधनीहरु उपस्थित रहेकोले गणपूरक संख्या पुगेको अवगत गराउदै सभा सञ्चालक गर्न प्रचलित ऐन कानून बमोजिम सभा बैधानिक रहेको कम्पनी सचिवले जानकारी गराउनु भयो ।

८. **सभाको अध्यक्षता** :
कम्पनी ऐन २०६३ को दफा ७४ को उपदफा (१) बमोजिम साधारण सभाको अध्यक्षता संञ्चालक समितिका अध्यक्ष बाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितका अध्यक्ष श्री गणेश कुमार श्रेष्ठज्युलाई अध्यक्षता गरिदिनु हुन आग्रह भए बमोजिम उहाँले अध्यक्षता ग्रहण गर्नु भयो ।

९. दशौं तथा एघारौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका शेयरधनीहरुलाई सञ्चालक श्री सुर्य प्रसाद लम्सालज्युले मन्तब्य सहीत स्वागत गर्नु भएको थियो ।

१०. दशौं तथा एघारौं वार्षिक साधारण सभामा सञ्चालक समितिको प्रतिवेदन तथा अन्य प्रस्तावको प्रस्तुती :
सभाका अध्यक्षज्युले उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई स्वागत गर्दे पूर्बनिर्धारित छलफलका विषयसूचि अनुसारका साधारण र विशेष प्रस्तावहरु छलफल गरी निर्णयार्थ सभा समक्ष पेश गर्नु भयो ।

११. **छलफलमा सहभागी शेयरधनी महानुभावहरुको जिज्ञासा तथा सुझाव** :
शेयरधनी श्री हरीकृष्ण वाग्लेज्युले साधारण सभा के कारणले ढिलो भएको हो र गैह्र ब्याज आम्दानी किन कम भयो र कर्जा सदुपयोगिताको अवस्था के छ भनी प्रश्न गर्नु भएको थियो । त्यसै गरी शेयरधनी मनीराम गौतमले बैंकको पूँजी योजना के छ , मर्जरको बिषय के के हो भनी प्रश्न गर्नु भएके थियो भने संस्थागत शुसासन कायम गर्नको लागि ब्यवस्थापन दृढ धई लाग्नु पर्छ भनी सुझाव दिनु भएको थियो । अर्का शेयरधनी दिपेन्द्र कुमार श्रेष्ठज्युले सञ्चालज्युहरुले नेपाल राष्ट्र बैंकको निर्देशन तथा संस्थागत शुसासनलाई बिषेश ध्यान दिनु पर्ने ध्यानार्कषण गराउनु भएको थियो । शेयरधनी श्री अर्जुनकुमार श्रेष्ठज्युले बैंक पूर्ण रुपमा प्रदेश स्तरीय हुनु पर्ने सुझाव दिनु भयो । शेयरधनीहरु मेघनाथ कुंवरले विगतमा बर्षहरुमा भएका कमी कम्जोरीलाई महशु गरेर अगाडी बढ्नु पर्दछ भनी सुझाव दिनु भएको थियो । शेरधनी रामजी पौडेलज्युले समय र परिस्थितिलाई बुझेर तीब्र गतीमा संस्था हाक्न सक्ने ब्यक्तिले मात्र संस्थाको पदाधिकारी हुनु पर्दछ भनी आफ्नो सुझाव राख्नु भयो र क्या. मिन बहादुर कार्की ले नाफा बृद्धि गर्दे लैजानु पर्ने सुझाव दिनु भयो । माथि उल्लेख गरिए अनुसारको प्रश्न र जिज्ञासाको विषयमा अध्यक्ष श्री गणेशकुमार श्रेष्ठ र प्रमुख कार्यकारी अधिकृत हरी बहादुर बुढाथोकीज्युले जवाफ दिनु भएको थियो ।

अध्यक्ष



कम्पनी सचिव

Green Development Bank Limited
Central Office

१२. **सभाको निर्णय :**

१२.१. **सामान्य प्रस्ताव**

१२.१.१ आ.व.२०७८/७९ र २०७९/८० को संचालक समितिको बार्षिक प्रतिवेदन छलफल पारित गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

१२.१.२ लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ र २०८० आषाढ मसान्तको वासलात तथा आ.व २०७८/७९ र २०७९/८० को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सभाबाट पारित भयो ।

१२.१.३ संचालक समितिले प्रस्ताव गरे वमोजिम आ.व.२०७८।७९ को मुनाफा तथा संचित मुनाफा रकम समेतवाट यस डेभपलपमेण्ट वैंकको हाल कायम चुक्तापूँजी रु.५१,९०,००,०००।- (अक्षरेपी एकाउन्न करोड नब्वे लाख रुपैयाँ मात्र) को ०।२० प्रतिशतले हुन आउने नगद लाभाशं रु.१०,३८,०००।- (अक्षरेपी दश लाख अठ्तीस हजार रुपैयाँ मात्र) लाभाशंमा लाग्ने कर प्रयोजनार्थ वितरण गर्ने प्रस्ताव सभाबाट पारित भयो ।

१२.१.४ लेखापरिक्षण समितिको सिफारिश बमोजिम आ.व. २०८०/८१ को लागि बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक संम्बन्धमा प्रस्ताव पेश गरीदिनु हुन लेखा समिति संयोजक श्री सूर्य प्रसाद लम्सालज्युले तीन वटा प्रस्ताव प्रस्ताव पेश गर्दा सबै भन्दा कम रकममा प्रस्ताव पेश गर्ने तपशिल बमोजिम विवरण रहेको फर्म/ कम्पनीलाई सभाबाट बाह्य लेखा परिक्षकको रुपमा नियूक्त गर्ने सर्बसम्मतीले पारित भयो ।

तपशील :

| विवरण | सिफारिस नं १ |
|---|---|
| **लेखा परिक्षण फर्मको नाम** | सुजन काफ्ले एण्ड एसोसियट्स |
| **ठेगाना** | हाँडिगाउँ-०५, काठमाडौं |
| **लेखापरिक्षण शुल्क (भ्याट बाहेक)** | रु.३,००,०००।- (तीन लाख रुपैया मात्र) |
| **यातायात खर्च** | बिल बमोजिम |
| **दैनिक खर्च** | पार्टनर-प्रतिव्यक्ति प्रति दिन रु ३,०००।०० (अक्षरुपी तीन हजार मात्र)<br>अन्य-प्रतिव्यक्ति प्रति दिन रु २,०००।०० (अक्षरुपी दुई हजार मात्र) |

१२.१.५ सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकज्यु हरुले आफ्नो कार्यब्यस्तता देखाई दिनु भएको राजिनामा पश्चात रित्त रहेको पदमा बांकी अवधिको लागि श्री सुर्य प्रसाद लम्साल र श्री प्रज्वल श्रेष्ठज्यु लाई सञ्चालक समितिले गरेको नियूक्तीलाई अनुमोदन गर्ने बारेको प्रस्ताव सभावाट सर्बसम्मतले पारित भयो ।

१२.१.६ स्वतन्त्र संचालकको रुपमा काठमाण्डौ म.न.पा.वडा नं १६ बस्ने श्रीमती नारायणी देबी श्रेष्ठज्युलाइ नियुक्त गरिएको सभामा जानकारी गराईयो ।

१२.१.७ सञ्चालकको बैठक भत्ता संशोधन सम्वन्धमा छलफल गर्दा अध्यक्षको रु. १५ हजार र सञ्चालकहरुको रु. १२ हजार प्रति बैठक भत्ता प्रदान गर्ने प्रस्ताव सभाबाट पारित भयो ।

Green Development Bank Limited
Central Office

अध्यक्ष



कम्पनी सचिव

**१२.२. विशेष प्रस्ताव**

१२.२.१. सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आ.व.२०७८।७९ सम्मको मुनाफावाट हाल कायम चुक्ता पुँजी रु.५१,९०,००,०००।- (अक्षरुपी एकाउन्न करोड नब्वे लाख रुपैयाँ मात्र) को ३।८ प्रतिशतका दरले हुन आउने रकम रु.१,९७,२२,०००।- (अक्षरुपी एक करोड सन्तानव्वे लाख वाईस हजार रुपैयाँ मात्र) वोनस शेयर वितरण गर्ने प्रस्ताव उपर छलफल गरि पारित गर्ने र सोही वमोजिम डेभलपमेण्ट वैंकको प्रवन्धपत्रमा वैंकको अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धी गर्न आवश्यक संसोधन प्रस्ताव सभाबाट सर्बसम्मतले पारित भयो ।

१२.२.२.यस ग्रीन डेभलपमेन्ट बैक लि र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) को लागि उपयुक्त संस्थाको पहिचान गर्ने, उपयुक्त देखिएमा सो सम्बन्धी सम्झौतापत्र (MOU) मा हस्ताक्षर गरी अन्य आवश्यक सम्पूर्ण कार्यहरु गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्बसम्मतले पारित भयो ।

१२.२.३. डेभलपमेन्ट बैंकको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संसोधन गरी अभिलेख गराउँदा आवश्यक थपघट, संशोधन वा परिमार्जन गर्नु परेमा सो सम्बन्धी सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने संम्बन्धी प्रस्ताव सभाबाट सर्बसम्मतले पारित भयो ।

१२.२.४. संञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको संस्थापक शेयर र सर्वसाधारण शेयरको अनुपात परिवर्तन गर्ने बारे (हाल शेयर अनुपात ५५:४५ रहेको ) पारित पश्चात ५१: ४९ हुने प्रस्ताव सभाबाट सर्बसम्मतीले पारित भयो ।

**साविकको अनुपात विवरण**

| | संस्थापक | सर्बसाधारण |
|---|---|---|
| शेयर संख्या | २८५४५०० | २३३५५०० |
| शेयर अनुपात | **५५%** | **४५%** |

**सभाबाट पारित भएको अनुपात विवरण :**

| | संस्थापक | सर्बसाधारण |
|---|---|---|
| शेयर संख्या | २६४६९०० | २५४३१०० |
| शेयर अनुपात | **५१%** | **४९%** |

ग. विविध ।

विविध अन्तर्गत छलफलको कुनै बिषय बांकी नरहेको ।

कम्पनी सचिव

कम्पनी सचिव
(प्रकाश गुरुङ्ग)

Green Development Bank Limited
Central Office

अध्यक्ष
गणेश कुमार श्रेष्ठ

अध्यक्ष